नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७

चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

**निर्णयहरु :**

१. नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको च.नं.१७ मिति २०७७/०२/०६ गतेको पत्र बैठकमा पढीबाची सुनियो ।जिल्ला र स्थानीय तहमा कोभिड-१९ (कोरोना भाईरस) रोगको रोकथाम र नियन्त्रणका लागि क्वारेण्टाइनमा रहेका व्यक्तिहरुको स्वास्थ्य उपचारका सम्वन्धमा क्वारेण्टाइन सम्वन्धी स्वीकृत मापदण्ड, २०७६ बमोजिम देहाय अनुसार आवश्यक व्यवस्था मिलाउने ;-

क) प्रत्येक क्वारेण्टाइन भएको स्थानमा DCCMC ले Designated Health Personnel रहेको सुनिश्चित गर्ने ।

ख) Patient Transport Team हरुको संरचनात्मक तथा गुणात्मक बृद्धि गरी तयारी अवस्थामा राख्न DCCMC ले संलग्न हुनुपर्ने Team को सुची तयार पारी CCMC वा संवद्ध निकायहरुको सहयोगमा आवश्यक तालिम प्रदान गरी तयारी अवस्थामा राख्ने ।

ग) समुदाय/क्वारेण्टाइनबाट विरामीहरु अस्पताल लानुपर्ने अवस्थामा Designated Health Personnal ले Patient Transport Team लाई खबर गरी सम्वन्धित अस्पतालमा पुर्याउने ।

घ) DCCMC ले Designated Ambulance सम्वन्धित क्वारेण्टाइनको लागि तोकि तत्काल Patient Transport को व्यवस्था मिलाउने ।

२. उद्योग वाणिज्य संघ सिन्धुपाल्चोकवाट DCCMC लाई प्राप्त हुन आएको N90 मास्क ४० पिस, मेडिकल मास्क २००० पिस, पन्जा २००० पिस, स्यानिटाईजर ४० पिस, PPE सेट ८ पिस, Disposable Mask ७५० पिस र कपडा मास्क २६० पिस मध्ये नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई मेडिकल मास्क ६०० का दरले १८००, Disposable Mask २५० का दरले ७५०, पन्जा ३०० का दरले ९००, PPE सेट २ का दरले ६ र स्यानिटाईजर ७ का दरले २१ पिस, २ थान PPE सेट स्वास्थ्य कार्यालय र २६० पिस कपडा मास्क कारागार कार्यालयलाई वितरण गर्ने तथा बाँकी हुन आएका सामग्रीहरु जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय र DCCMC मा प्रयोग गर्ने ।

३. गृह मन्त्रालयको च.नं. ४११ मिति २०७७/०२/०६ गतेको पत्रानुसार २८ जुन मा International Light Saftey Day विभिन्न सचेतनात्मक कार्यक्रम गरी मनाउने ।

४. कोभिड-१९ संक्रमित वा संकित व्यक्तिको मृत्यू भएमा देहाय अनुसारको व्यवस्था गर्ने ।

क. मृतकको दाहसंस्कार गर्दा नजिकको परम्परागत घाटको प्रयोग गर्ने सो को लागी त्यस्ता घाटहरुको Mapping गरी तीन दिन भित्र विवरण उपलब्ध गराउन स्थानीय तहलाई अनुरोध गर्ने । यस्तो विवरण उपलब्ध गराउदा महामारीले भारी मात्रामा मृत्यु हुने अवस्था भएमा समेत शव व्यवस्थापन गर्न सकिने गरी स्थानको Mapping गर्ने ।

ख. मृतकको शव व्यवस्थापन गर्न बा १ झ ७१५६ लाई Dedicated शववाहन तोक्ने ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७ चौतारा

ग. शव व्यवस्थापन गर्दा कोभिड-१९ ले अस्पतालमा हुने मृत्यु, सवारी साधन पुग्न सक्ने अवस्थामा घरमै हुने मृत्यु र मृतकको घर सम्म सवारी साधन नपुग्ने अवस्थामा भएको मृत्युलाई आधार मानी व्यवस्थापन गर्नको लागी आगामी बैठकमा थप निर्णय गर्ने ।

घ. प्रत्येक स्थानीय तहलाई महामारिको अवस्था सृजना भएको अवस्थामा शव व्यवस्थापन गर्न एक (सवारी साधन पिकअप वा ड्राइभर सहित छुट्टै भाग भएको) सवारी साधनको व्यवस्था गर्न अनुरोध गर्ने ।

ङ. नेपाल रेडक्रस सोसाइटीले स्थानीय र जिल्ला स्तरमा स्वेच्छिक रुपमा शवको व्यवस्थापन गर्न इच्छुक व्यक्ति वा संस्था उपलब्ध हुन सक्ने भए पहिचान गरी अर्को बैठकमा पेश गर्ने ।

च. कोभिड-१९ को कारणले कुनै व्यक्तिको मृत्यु भएमा लाश व्यवस्थापन गर्न तोकिएका उल्लेखित सामाग्रीहरु जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिमा तयारी अवस्थामा आवश्यक मात्रामा राख्ने व्यवस्था मिलाउने ।

| सामाग्री | विवरण |
|---|---|
| हातले नियमित सरसफाई | • Alchol based hand rub (hand sanitizer)<br>• Running water<br>• Soap<br>• हात सुकाउनको लागि (Disposable towel, Tissue paper, paper towel) |
| व्यक्तिगत सुरक्षात्मक उपकरणहरु )Personal Protective Equipment) | • Gloves<br>• Gumboots<br>• Baby suit<br>• Waterproof apron<br>• Long sleeve apron<br>• Anti-fog goggles<br>• Face shield<br>• Surgical Mask<br>• N95 mask (for aerosol generation proecdures) |
| फोहोर व्यवस्थापन र वातावरण सरसफाई | • Disposal bag for bio-hazardous waste<br>• साबुनपानी (किटाणु रहित पारी सफा गर्न ) 70% ethanol, 1% hypochlorite |
| शव गृहमा मृत शरीर व्यवस्थापन गर्न | • Soap/detergent<br>• Running water<br>• Gloves<br>• Gumboots<br>• Babysuit<br>• Goggles<br>• Surgical Mask<br>• Goggles<br>• Gown<br>• Waterproof plastic apron |

१०. गृह मन्त्रालयको च.नं. ५७० मिति २०७७/०२/०७ गतेको पत्र वैठकमा पढीवाची सुनियो । यस जिल्लावाट काठमाडौं उपत्यका प्रवेशका लागि विभिन्न कार्यालय, संघसंस्था, व्यक्तिहरुले सवारी पास माग गरेपश्चात सो को लागि गृह मन्त्रालयको स्विकृती प्राप्त भएपछि मात्र पास प्रदान गर्ने गरिएकोमा अव उप्रान्त देहायका सर्तहरु पूरा गरेर मात्र सवारी पास अनुमति माग गर्ने ;-

क. काठमाडौं उपत्यका प्रवेशको लागि सवारी पास उपलब्ध गराउँदा यात्रा गर्ने व्यक्तिहरुलाई संभव भएसम्म कोभिड- १९ को संक्रमण नभएको सुनिश्चित ( RDT/PCR परीक्षण वा चिकित्सकको रिपोर्ट) गरेर मात्र सवारी पास अनुमति माग गर्ने ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७ चौतारा

ख. अभिलेख राखी एक पटक मात्र उपत्यकामा प्रवेश गर्न दिने गरी सवारी पास जारी गर्ने र सवारी पास उपलब्ध गराउदा उपत्यका जाने व्यक्ति कँहा वस्ने हो, विस्तृत ठेगाना उल्लेख हुनुपर्ने ।

ग. काठमाडौं उपत्यकाभित्र जाने व्यक्तिहरुको सूचना सम्बन्धित पालिकाहरुमा पठाईने भएकोले आफ्नै घर भएमा Home Quarantine मा वस्ने र नभएमा स्थानीय तहले तोकेको Quarantine मा वस्ने व्यवस्था मिलाएर मात्र सवारी पास अनुमति माग गर्ने ।

घ. स्वास्थ्य सम्वन्धि प्रोटोकलको आधारमा मात्र सवारी साधनमा जाने कुल व्यक्तिको संख्या नाम सहित जारी हुने सवारी पासमा उल्लेख गर्ने ।

ङ. काठमाडौं उपत्यका वाहेक अन्य जिल्लाको हकमा गन्तब्य जिल्लाको जिल्ला प्रशासन कार्यालयको सहमतिमा मात्र सवारी पास अनुमति पत्र जारी गर्ने ।

च. विरामी पठाउनुपर्ने भएमा जिल्लाभित्र रहेका एम्बुलेन्सवाटै पठाउने जसको लागि सवारी पास आवश्यक नपर्ने । जिल्लाभित्र एम्बुलेन्स उपलब्ध नभएको वा निजी सवारी नै प्रयोग गर्नु पर्ने भएमा सोही व्यहोरा स्पष्ट उल्लेख गरी मन्त्रालयमा सवारी पास अनुमति माग गर्ने ।

११. यस जिल्लाका विभिन्न स्थानमा रहेका क्वारेन्टाईनहरु मध्ये कतिपय क्वारेन्टाईनमा रहेका व्यक्तिहरुलाई १४ दिन सम्म नराखि कम अवधि मै घर जान अनुमति दिने गरेको बुझिएको हुँदा अनिवार्यरुपमा १४ दिन क्वारेन्टाईनमा राखेर मात्र घर जान अनुमति दिने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने । क्वारेन्टाईनमा १४ दिन नराखि घर जान अनुमति दिईएको पाईएमा त्यस्तो अनुमति दिने र क्वारेन्टाईनवाट छाड्न अनुमति दिने पदाधिकारीहरुलाई प्रचलित ऐन वमोजिम कारवाही गर्ने ।

१२. यस जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्सहरुले कतिपय अवस्थामा विरामी वोक्न गाह्रो मानेको/नटेरेको जस्ता गुनासाहरु प्राप्त भएकोले जिल्लामा सञ्चालित एम्बुलेन्सहरु आवश्यकतानुसार विरामीको उद्धारमा प्रयोग गर्न नियन्त्रणमा लिन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिने ।

१३. जिल्लामा सञ्चालित एम्बुलेन्सहरुले कतिपय अवस्थामा कोभिड-१९ का विरामीहरु समेत वोक्नुपर्ने भएको र यसरी विरामी वोक्दा चालकलाई क्वारेन्टाईनमा राख्नु पर्ने भएकाले वैकल्पिक चालकहरुको व्यवस्था गरी एम्बुलेन्सहरुलाई चालु हालतमा राख्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

१४. मित्रराष्ट्र चीनको न्यालम काउण्टीवाट प्राप्त स्वास्थ्य सुरक्षाका सामग्रीहरु तपसिल अनुसार वितरण गर्ने निर्णय गरियो ।

| RDT Kit | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **प्रयोग गर्ने निकाय** | **परिमाण** | **एकाई** | **कैफियत** |
| 1 | स्वास्थ्यकर्मी | 350 | वटा | |
| २ | सुरक्षाकर्मी | 300 | वटा | ३ वटा सुरक्षा निकाय |
| ३ | पत्रकार | 50 | वटा | |
| ४ | जिल्ला प्रशासन कार्यालय | 60 | वटा | |
| ५ | स्थानीय तहः नगरपालिका | 150 | वटा | ३ वटै नगरपालिका |
| ६ | स्थानीय तहः गाउँपालिका | 300 | वटा | ९ वटै गाउँपालिका |
| 7 | एम्बुलेन्स चालक | 30 | वटा | सवै |
| **N95 मास्क** | | | | |
| १ | पत्रकार | 50 | वटा | |
| २ | Isolation कक्ष | 200 | वटा | ४ वटा कक्ष |

अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७ चौतारा

| | | | | |
|---|---|---|---|---|
| 3 | क्वारेन्टाईन | 30 | वटा | ३ वटा क्वारेन्टाईन |
| | | **PPE सेट** | | |
| १ | सुरक्षा निकाय | 30 | वटा | ३ वटै सुरक्षा निकाय |
| २ | Isolation कक्ष | 40 | वटा | ४ वटा कक्ष |
| ३ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | २ | वटा | |
| | | **Thermal Gun** | | |
| १ | Isolation कक्ष | 4 | वटा | ४ वटा कक्ष |
| २ | क्वारेन्टाईन | 3 | वटा | ३ वटा क्वारेन्टाईन |
| ३ | नेपाली सेना | 10 | वटा | |
| ४ | नेपाल प्रहरी | 25 | वटा | |
| ५ | सशस्त्र प्रहरी वल नेपाल | 10 | वटा | |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | 1 | वटा | |
| ७ | जिल्ला प्रशासन कार्यालय | १ | वटा | |
| | | **मेडिकल मास्क** | | |
| 1 | नगरपालिका | 15000 | वटा | ३ वटै नगरपालिका |
| २ | गाउपालिका | 36000 | वटा | ९ वटै गाउँपालिका |
| ३ | सुरक्षा निकाय | 9000 | वटा | ३ वटै सुरक्षा निकाय |
| ४ | पत्रकार महासंघ | 500 | वटा | |
| ५ | एम्बुलेन्स | 3000 | वटा | सबै एम्बुलेन्सहरु |
| ६ | जिल्ला प्रशासन कार्यालय | 500 | वटा | |
| ७ | जिल्ला समन्वय समिति | 500 | वटा | |

बाँकी रहेका सामग्रीहरु DEOC मा रहने र स्वास्थ्य कार्यालयले आवश्यकतानुसार प्रयोग/वितरण गर्ने ।

१५. कोभिड-१९ का शंकास्पद विरामीहरुको लागि जिल्ला अस्पताल चौतारामा रहने गरी एक Dedicated एम्बुलेन्स आवश्यक भएकोले यस जिल्ला अन्तर्गत इर्खु स्वास्थ्य चौकीको स्वामित्वमा रहेको प्रदेश ३ ५०५४ नं. को एम्बुलेन्सलाई Dedicated एम्बुलेन्स तोक्ने । एम्बुलेन्स चालकलाई उपलब्ध गराउनु पर्ने पारिश्रमिक, ईन्धन लगायत एम्बुलेन्स संचालनसाग सम्बन्धित अन्य विषयमा इर्खु स्वास्थ्य चौकी एम्बुलेन्स संचालक समितिसँग सम्झौता गर्न सुनकोशी गाउँपालिकामा रहेको पाङ्ग्रेटार क्षेत्रीय क्वारेन्टाईनको व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

मिति २०७७/०२/०७

२०७७.०२.०६
सुनिता पन्थी
प्रशासकीय अधिकृत